


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ६० वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३३ अंक ०१ | साउन २०८२ | Year 33 Vol 01 | July/Aug. 2025

## राष्ट्रिय वाणिज्य बैंकको गत आ.व.को अपरिष्कृत वित्तीय विवरण सार्वजनिक

- खुद मुनाफा तीन अर्ब ८१ करोड
- निक्षेप पाँच खर्ब २ अर्ब
- कर्जा तीन खर्ब ८ अर्ब

**काठमाडौँ, २९ साउन**

नेपाल सरकारको स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. २०८१/८२ को चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरणहरू प्रकाशित भएको छ। बैंकले यस अवधिमा तीन अर्ब ८१ करोड रुपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको छ। गत आ.व. को सोही अवधिमा बैंकको खुद मुनाफा दुई अर्ब ५५ करोड रुपैयाँ रहेको थियो। यस अवधिमा बैंकको कर्जा लगानीमा वृद्धि भएको तथा कर्जा नोक्सानी व्यवस्था घटेकाले खुद मुनाफा बढेको हो।

आ.व. २०८१ /०८२ को बैंकको खुद ब्याज आम्दानी १० अर्ब ८ करोड रुपैयाँ, कुल सञ्चालन आम्दानी १२ अर्ब ८४ करोड रुपैयाँ खुद सञ्चालन नाफा (कर अघिको) पाँच अर्ब ४५ करोड रुपैयाँ, वितरणयोग्य मुनाफा ३० करोड ३४ लाख रुपैयाँ रहेको छ, कुल समग्र आम्दानी (Total Comprehensive Income) तीन अर्ब १७ करोड रुपैयाँ रहेको छ। २०८२ असार मसान्तमा बैंकको कुल निक्षेप पाँच खर्ब २ अर्ब रुपैयाँ र खुद कर्जा तथा सापट दुई खर्ब ९६ अर्ब रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही मितिको तुलनामा बैंकको निक्षेपमा १६.७३ प्रतिशत र कर्जा तथा सापटमा १७.९ प्रतिशतले वृद्धि भएको छ।

२०८२ असार मसान्तसम्ममा पुँजी कोष अनुपात (Capital Adequacy Ratio) ११.८४ प्रतिशत कर्जा तथा निक्षेप अनुपात (CD Ratio) ६२.३९ प्रतिशत, आधार दर (त्रैमास औसत ४.८९ प्रतिशत भएपनि असारको ४.७८ प्रतिशत रहेको छ। निष्क्रिय कर्जा अनुपात (NPA) ३.५९ प्रतिशत, व्याजदर अन्तर (Spread Rate) ३.७५ प्रतिशत, कोषको लागत दर (Cost of Fund) ३.३३ प्रतिशत तथा प्रतिशेयर आम्दानी (Earning Per Share) रु.२४.४१ रहेको छ। आ.व.२०८१/८२ को चौथो त्रैमाससम्मको समिक्षा अवधिमा बैंकले सन्तोषजनक प्रगति हासिल गर्न सफल भएको छ।

बैंकको उपरोक्त सफलताको लागि उल्लेखनीय योगदान पुऱ्याउनु हुने सम्पूर्ण निक्षेपकर्ता, कर्जा ग्राहक, शेयरधनी, नेपाल सरकार, कार्यरत कर्मचारी लगायत समग्र सरोकारवालाहरू प्रति बैंक हार्दिक धन्यवाद प्रकट गर्दछ साथै भविष्यमा अझै उत्कृष्ट सेवा प्रदान गर्दै उत्कृष्ट नतिजा हासिल गर्ने प्रतिवद्धता व्यक्त गर्दछ। उक्त वित्तीय विवरणहरू बैंकको website:www.rbb.com.np मा समेत राखिएको छ। ■

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सञ्चालक समितिका नवनियुक्त अध्यक्ष देव कुमार ढकालद्वारा पदभार ग्रहण



**काठमाडौँ, २ साउन**

नेपालको अग्रणी वाणिज्य बैंकहरूमध्ये एक राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सञ्चालक समितिका नवनियुक्त अध्यक्ष देव कुमार ढकालले पदभार ग्रहण गर्नुभएको छ। साउन २ गते शुक्रबार

बाँकी पृष्ठ ४ मा

## विभागस्तरीय गोष्ठी सम्पन्न



**काठमाडौँ, ३ साउन**

राष्ट्रिय वाणिज्य बैंक लि.को आ.व. २०८१/८२ को लक्ष्य प्रगति समीक्षा तथा आ.व २०८२/८३ को बजेट कार्यान्वयन को लागि विभाग स्तरिय दुई दिवसिय रणनीतिक गोष्ठी मिति २०८२ साउन २ र ३ गते गोकर्ण

बाँकी पृष्ठ ४ मा

# प्रमुख कार्यकारी अधिकृतको सन्देश



देवेन्द्र रमण खनाल
प्रमुख कार्यकारी अधिकृत

सम्पूर्ण कर्मचारी साथीहरूमा हार्दिक नमस्कार, हामी नयाँ आर्थिक वर्षको सुरुवाती महिनामा छौं। नेपाल सरकारद्वारा जारी वित्तीय नीति (बजेट) र नेपाल राष्ट्र बैंकद्वारा जारी मौद्रिक नीतिले अर्थतन्त्रलाई थप गतिशील बनाउने अपेक्षा गरिएको बेलामा हामी पनि नयाँ ऊर्जाका साथ बैंकका नियमित कामकाजमा लाग्नुपर्नेछ। गत आर्थिक वर्षमा बैंकले ३ अर्ब ८१ करोड नाफा आर्जन गर्न सफल भएको छ। यो सम्बद्ध सबै पक्षको साझा प्रयासका कारण सम्भव भएको हो। यद्यपि गएको आर्थिक वर्षमा हासिल गर्न नसकेका लक्ष्यहरू सहित यस वर्ष तय गरिएका थप नयाँ लक्ष्यहरू समेत हासिल गर्न हामी निरन्तर खट्नुपर्छ। विगतका कमिकमजोरीहरूबाट पाठ सिक्दै हामीसँग रहेका स्रोत-साधनको अधिकतम सदुपयोग गरी व्यवसाय वृद्धिमा लाग्नुपर्नेछ। नयाँ कर्जा लगानीसँगै खराब कर्जा असुलीमा हामीले विशेष ध्यान दिनुपर्छ।

हामीले चालु आ.व. २०८२/८३ को लागि बजेट एवं कर्जा अख्तियारी समयमै स्वीकृत गरी यहाँहरू समक्ष पुऱ्याइसकेका छौं। बजेटले तय गरेका लक्ष्यहरू एवं यसलाई हासिल गर्न गरिने कार्यहरूबारे यहाँहरू सम्पूर्ण जानकार हुनुहुन्छ नै। यस चालु आर्थिक वर्षको लक्ष्य हासिल गर्न हामी आर्थिक वर्षको सुरुवातदेखि नै तदारुकताका साथ लाग्नुपर्दछ। व्यवसायको विस्तार एवं NPA Management चुनौतीपूर्ण छ। हामी सबैको एउटै लक्ष्य संस्थागत हित र यसको समृद्धि रहेकाले लिइएका लक्ष्यहरू प्राप्ति हुन्छन् भन्नेमा म विश्वस्त छु।

आजको प्रतिस्पर्धात्मक बैंकिङ बजारमा बैंकमा नवीनतम प्रविधि भित्र्याई सोको प्रयोगबाट उच्च कार्यकुशलता र उच्च प्रतिफल हासिल गर्नेतर्फ हामी लाग्नुपर्छ। सरकारी स्वामित्वको बैंक भएका कारण हाम्रा सामु थप जिम्मेवारी तथा दायित्व छन्। शहरी क्षेत्रका उद्यमीहरूलाई मात्र नभई मुलुकका ग्रामीण एवं दूरदराजका जनतालाई सर्वसुलभ रूपमा बैंकिङ सेवासुविधा प्रदान गर्न हामीले कुनै कसर बाँकी राख्नु हुँदैन। पछिल्लो समयमा डिजिटल ठगीका घटनाहरू बढ्दै गएका कारण ग्राहकका कारोबारहरूलाई सुरक्षित बनाउन थप सजग हुनुपर्ने अवस्था छ। हामीले सेवा प्रवाहसंगै वित्तीय एवं डिजिटल साक्षरतामा समेत भूमिका खेल्नुपर्ने देखिन्छ। नियामकिय निर्देशनहरूको अक्षरशः पालना गर्ने गराउने सन्दर्भमा हामी दृढताका साथ लाग्नुपर्दछ। बैंकभित्र असल संस्कार र सहज कार्यवातावरणको विकास गर्दै बैंकका लक्ष्य तथा उद्देश्य हासिल गर्नमा केन्द्रित हुनु नै हाम्रो प्रमुख दायित्व हुन आउँछ। अतः हामी जो जहाँ छौं त्यहीँबाट सुधारको प्रयत्न गर्दै यस बैंकलाई मुलुककै अब्बल बैंकको रूपमा स्थापित गराउन सक्दो भूमिका खेलौं। ■

# सातै प्रदेशका शाखा प्रबन्धक स्तरीय गोष्ठीहरू सम्पन्न

**काठमाडौं, ३१ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रादेशिक कार्यालय अन्तर्गत शाखा प्रबन्धक स्तरीय गोष्ठीहरु देशका विभिन्न स्थानहरुमा हालै सम्पन्न भएका छन्। सम्पन्न गोष्ठीहरुलाई "आ.व. २०८१/८२ को लक्ष्य, प्रगति, समीक्षा तथा आ.व. २०८२/८३ को बजेट कार्यान्वयन रणनीतिक गोष्ठी" नाम दिईएको छ।

सुदूरपश्चिम प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी कैलाली जिल्लाको धनगढीमा गत साउन १४ गते सम्पन्न भयो। उक्त गोष्ठीमा सुदूर पश्चिम प्रादेशिक कार्यालय अन्तर्गतका २७ वटा शाखाका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो। गोष्ठीको उद्घाटन बैंकका नायव प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाद लोहनीले गर्नुभएको थियो भने उप-कार्यकारी अधिकृत पवन रेग्मीले स्वागत गर्नुभएको थियो। ब्रान्च अपरेसन विभागका प्रमुख आनन्द सुवेदीले सहजीकरण गर्नुभएको उक्त कार्यक्रमको समापन नायव प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाद लोहनीले नै गर्नुभएको थियो।

यसैगरी कर्णाली प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी सुर्खेत जिल्लाको विरेन्द्रनगरमा गत साउन १६ गते सम्पन्न भयो। उक्त


सुदूरपश्चिम प्रदेश


कर्णाली प्रदेश


गण्डकी प्रदेश

गोष्ठीमा कर्णाली प्रादेशिक कार्यालय अन्तर्गतका २६ वटा शाखाका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो। गोष्ठीको उद्घाटन बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले गर्नुभएको थियो भने उप-कार्यकारी अधिकृत पवन रेग्मीले स्वागत गर्नुभएको थियो। ब्रान्च अपरेसन विभागका प्रमुख आनन्द सुवेदीले सहजीकरण गर्नुभएको उक्त कार्यक्रमको समापन नायव प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाद लोहनीले गर्नुभएको थियो।

यसैगरी **गण्डकी** प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी कास्की जिल्लाको पोखरामा गत साउन १८ र १९ गते सम्पन्न भयो। उक्त गोष्ठीमा गण्डकी प्रादेशिक कार्यालय अन्तर्गतका ३५ वटा शाखाका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो। गोष्ठीको उद्घाटन बैंकका नायव प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाद लोहनीले गर्नुभएको थियो भने उप-कार्यकारी अधिकृत पवन रेग्मीले स्वागत गर्नुभएको थियो। ब्रान्च अपरेसन विभागका प्रमुख आनन्द सुवेदीले सहजीकरण गर्नुभएको उक्त कार्यक्रमको समापन प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले गर्नुभएको थियो।

यसैगरी **मधेश** प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी पर्सा जिल्लाको वीरगन्जमा गत साउन २० र २१ गते सम्पन्न भयो। उक्त गोष्ठीमा मधेश प्रादेशिक कार्यालय अन्तर्गतका ३८ वटा शाखाका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो। गोष्ठीको उद्घाटन बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले गर्नुभएको थियो भने उप-कार्यकारी अधिकृत पवन रेग्मीले स्वागत गर्नुभएको थियो। ब्रान्च अपरेसन विभागका प्रमुख आनन्द सुवेदीले सहजीकरण गर्नुभएको उक्त कार्यक्रमको समापन नायव प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाद लोहनीले गर्नुभएको थियो।

यसैगरी **लुम्बिनी** प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी रुपन्देही जिल्लाको भैरहवामा गत साउन २२ र २३ गते सम्पन्न भयो। उक्त गोष्ठीमा लुम्बिनी प्रादेशिक कार्यालय अन्तर्गतका ४३वटा शाखाका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो। गोष्ठीको उद्घाटन बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले गर्नुभएको थियो भने उप-कार्यकारी अधिकृत विनय रमण पौडेलले स्वागत गर्नुभएको थियो। ब्रान्च अपरेसन विभागका प्रमुख आनन्द सुवेदीले सहजीकरण गर्नुभएको उक्त कार्यक्रमको समापन नायव प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाद लोहनीले गर्नुभएको थियो।

यसैगरी **बागमती** प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी काठमाडौंमा गत साउन २६ र २७ गते सम्पन्न भयो। उक्त गोष्ठीमा बागमती प्रादेशिक कार्यालय अन्तर्गतका ७६ वटा शाखाका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो। गोष्ठीको उद्घाटन बैंकका संचालक समितिका अध्यक्ष देव कुमार ढकालले गर्नुभएको थियो भने नायव प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारीले स्वागत गर्नुभएको थियो। ब्रान्च अपरेसन विभागका प्रमुख आनन्द सुवेदीले सहजीकरण गर्नुभएको उक्त कार्यक्रमको समापन प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले गर्नुभएको थियो।

यसैगरी **कोशी** प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी मोरङ जिल्लाको बिराटनगरमा साउन ३० र ३१ गते सम्पन्न भयो। उक्त गोष्ठीमा कोशी प्रादेशिक कार्यालय अन्तर्गतका ६२ वटा शाखाका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो। गोष्ठीको उद्घाटन बैंकका नायव प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारीले गर्नुभएको थियो भने उप-कार्यकारी अधिकृत पवन रेग्मीले स्वागत गर्नुभएको थियो। ब्रान्च अपरेसन विभागका प्रमुख आनन्द सुवेदीले सहजीकरण गर्नुभएको उक्त कार्यक्रमको समापन प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले गर्नुभएको थियो।

उपरोक्त कार्यक्रमहरुमा आ.व. २०८१/८२ को लक्ष्य प्रगतिको समिक्षा तथा आ.व. २०८२/८३ मा सम्पादन गरिने कार्यक्रमहरुको बारेमा उच्च व्यवस्थापनको तर्फबाट सबै शाखा कार्यालयहरुलाई निर्देशन प्रदान गरिएको थियो भने शाखा प्रमुखहरुले कार्ययोजना सहित आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो। ■


मधेश प्रदेश


बागमती प्रदेश


लुम्बिनी प्रदेश


कोशी प्रदेश

# राष्ट्रिय वाणिज्य बैंकद्वारा ऊर्जा अनुदान वितरण सुरु

**काठमाडौँ, २ साउन**

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडले ऊर्जा दक्षता उपायहरू अपनाउने १० उद्योगलाई आर्थिक अनुदान वितरण गरेको छ। बैङ्कको काठमाडौंस्थित कार्यालयमा साउन २ गते आयोजना गरिएको कार्यक्रममा ऊर्जा 'अडिट'मार्फत पहिचान गरिएका प्रमुख ऊर्जा बचतका उपायहरू कार्यान्वयन गरेपछि पहिलो चरणमा १० वटा उद्योगलाई करिब रु दुई करोड ९० लाख बराबरको अनुदान प्रदान गरिएको थियो।

यस्ता उपायहरूबाट दीर्घकालीन रूपमा ऊर्जा बचत हुने अपेक्षा गरिएको छ, जसले नेपालको जलवायु प्रतिबद्धता तथा दिगो औद्योगिक विकासमा पनि योगदान पुऱ्याउनेछ।




यो अनुदान कार्यक्रम नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम-नेपालमा दिगो ऊर्जामार्फत पुनः प्राप्ति एवं सशक्तिकरण परियोजना अन्तर्गत सञ्चालित छ।

परियोजना युरोपेली सङ्घ र जर्मन सङ्घीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (बिएमजेड) को सह-आर्थिक सहयोगमा सञ्चालन भइरहेको हो। यस कार्यक्रमले उच्च ऊर्जा बचत सम्भावना भएका उद्योगहरूलाई ऊर्जा दक्ष अभ्यासहरू अवलम्बन गर्न प्रोत्साहन गर्दै आइरहेको छ।

कार्यक्रम अन्तर्गत स्थानीय ऊर्जा अडिटरद्वारा सिफारिस गरिएका उपायहरूको कार्यान्वयनका लागि लगानी लागतको आंशिक हिस्सा अनुदान स्वरूप प्रदान गरिन्छ। यो परियोजनाले ऊर्जा दक्षता, मर्यादित श्रम अभ्यास तथा वातावरणीय मापदण्डको पालना सुनिश्चित गर्न प्राथमिकता दिँदै आएको छ। पहिलो चरणको अनुदान वितरणसँगै रिप-ग्रिन अनुदान सुविधा औपचारिक रूपमा सुरु भएको छ।

यसबाट नेपालका औद्योगिक क्षेत्रमा सफा तथा दक्ष प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ। कार्यक्रममा बैङ्कका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले अनुदान व्यवस्थाबाट नेपालमा दिगो औद्योगिक अभ्यासको प्रवर्धनमा महत्वपूर्ण उपलब्धि हुने बताउँदै दिगो वित्तीय प्रणाली र हरित अर्थतन्त्रप्रतिको बैङ्कको प्रतिबद्धता जनाउनुभयो। ■

### अध्यक्ष देव कुमार ढकालद्वारा पदभार ग्रहण...

बसेको सञ्चालक समितिको बैठकले सर्वसम्मत रुपमा ढकाललाई अध्यक्ष चयन गरेसँगै उहाँले पदभार ग्रहण गर्नुभएको हो। शुक्रबार नै पदभार ग्रहण अघि अध्यक्ष देव कुमार ढकालले नेपाल राष्ट्र बैंकका गभर्नर डा.विश्वनाथ पौडेल समक्ष आफ्नो पद तथा गोपनीयताको शपथ लिनु भएको थियो।

ढकालसँग नेपाल राष्ट्र बैंकमा ३० वर्षभन्दा बढी समय विभिन्न जिम्मेवारीमा रहेर सेवा गर्नुभएको अनुभव छ। पछिल्लो समय राष्ट्र बैंकको निर्देशकको जिम्मेवारीमा रहेर कार्य गर्नुभएका ढकाल वित्तीय प्रणाली, बैंकिंग प्रशासन तथा नियमन प्रणाली विषयको जानकार हुनुहुन्छ।

नवनियुक्त ढकाललाई बैंक सञ्चालक समिति सदस्यहरू महेश भट्टराई, लक्ष्मण घिमिरे, प्रा.डा. रामप्रसाद ज्ञवाली, रोमिला ढकाल उप्रेती, डा. सूर्य बहादुर राना, प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनाल, बैंकका व्यवस्थापन समितिका पदाधिकारीहरु, कम्पनी सचिव प्रमोद अधिकारी एवम् प्रमुख कार्यकारी अधिकृतको कार्यालयका सम्पूर्ण कर्मचारीहरुले स्वागत गर्नुभएको थियो। ■

### विभागस्तरीय गोष्ठी ...

फरेष्ट रिसोर्टमा सम्पन्न भयो। बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बैंकका उच्च व्यवस्थापनका सम्पूर्ण पदाधिकारी, बैंकका २३ वटा विभागहरु, अवकाश कोष, ७ वटा प्रादेशिक कार्यालयहरु तथा २ वटा विशिष्ट शाखा कार्यालयहरुका सम्बन्धित प्रमुखहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा आ.व. २०८१/८२ को लक्ष्य प्रगतिको समीक्षा तथा आ.व. २०८२/८३ मा सम्पादन गरिने कार्यक्रमहरुको बारेमा उच्च व्यवस्थापनको तर्फबाट सबै विभाग, प्रदेश तथा विशिष्ट शाखा कार्यालयहरुलाई निर्देशन प्रदान गरिएको थियो भने सम्पूर्ण विभागीय तथा कार्यालय प्रमुखहरुद्वारा कार्ययोजना सहित आ-आफ्ना धारणाहरु व्यक्त गरिएको थियो। कार्यक्रमको सहजीकरण ब्राञ्च अपरेशन विभागका विभागिय प्रमुख आनन्द सुवेदीले गर्नुभएको थियो।

बैंकका नायव प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारीको अध्यक्षतामा भएको गोष्ठीको पहिलो दिनको कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीले कार्यक्रमको आवश्यकता तथा औचित्यताको बारेमा प्रष्ट पार्नुहुँदै बैंकको आ.व.२०८१/८२ को लक्ष्य प्रगति तथा आ.व. २०८२/८३ का कार्यक्रमहरु सम्बन्धी कार्यपत्र पेश गर्नुभएको थियो। साथै वहाँले निक्षेप खाता खोल्ने ग्राहकहरुको संख्या पछिल्ला दिनहरुमा बढ्दै गइरहेको तथ्यलाई उजागर गर्दै बैंकले ग्राहकलाई उत्कृष्ट सेवा दिनुपर्नेमा विशेष जोड दिनुभयो।

पहिलो दिनको कार्यक्रममा विभिन्न विभाग, प्रादेशिक कार्यालय तथा विशिष्ट शाखाहरु गरी जम्मा २० वटा प्रस्तुती रहेको थियो भने दोस्रो दिनको कार्यक्रममा बाँकी रहेका विभाग तथा कार्यालयहरुको प्रस्तुती रहेको थियो। कार्यक्रममा नायव प्रमुख कार्यकारी अधिकृतद्वयः सरस्वती अधिकारी र देबेश प्रसाद लोहनीले केही निर्देशन सहित आफ्ना धारणा व्यक्त गर्नु भएको थियो। उपकार्यकारी अधिकृत राम कुमार थापाले बैंकको बजेट योजना सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा उपकार्यकारी अधिकृत श्री दुर्गा कंडेल छत्कुलीले फरक नतिजा हासिल गर्न फरक ढंगले अगाडि बढ्नुपर्ने बताउनुभयो। कार्यक्रममा उपकार्यकारी अधिकृतद्वयः श्री विनयरमण पौडेल र पवन रेग्मीले सबैको समन्वय मार्फत यस वर्ष व्यवसाय वृद्धिमा लाग्नुपर्ने विषयमा जोड दिनुभयो।

कार्यक्रम समापन मन्तव्यको क्रममा प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले हाल बैंकको सबै तहमा परिपक्व व्यक्तिहरु रहेको स्मरण गराउनुहुँदै सबैले सिकाईलाई प्रभावकारी बनाई एकअर्कालाई थप क्षमतावान बताउने तर्फ अग्रसर हुन जोड दिनुभयो। त्यस्तै सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने, गुनासो कम गर्ने, समस्याहरुको यथाशिघ्र समाधान निकाल्ने, परिस्थितिको मुल्यांकन गरी सही ढंगले व्यवस्थापन गर्ने, उपलब्ध सीमित साधनहरु मध्ये उत्कृष्ट विकल्प छान्ने, विभागहरुबाट आउने प्रस्तावहरुमा विशेष परिपक्वता र विशेषज्ञता देखिनुपर्ने, प्रस्तावहरुको गहन अध्ययन गर्ने, पुष्ट्याईं गर्ने कागजातहरु फाइलसँगै राख्ने, ऐन, नियम तथा कानूनहरुको परिधिभित्र रहेर प्रस्तावहरु पेश गर्नुपर्ने तर्फ विशेष ख्याल गर्न निर्देशन दिनुभयो साथै यसमा संचालक समितिको समेत विशेष चासो रहेको धारणा व्यक्त गर्नुभयो। सबैमा बजेट नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्नुहुँदै खनालले वस्तुगत रुपमा परिणाममुखी भएर लाग्न निर्देशनकासाथ कार्यक्रम समापन गर्नुभयो। ■

## रा.वा. बैंक कर्मचारी संघ नेपालको ३६औं वार्षिकोत्सव विविध कार्यक्रमका बीच सम्पन्न

**काठमाडौं, ६ साउन**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको ३६ औं वार्षिकोत्सव कार्यक्रम विविध कार्यक्रमका बीच सम्पन्न भएको छ। राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यालयमा एक आयोजित 'राष्ट्रिय बाणिज्य बैंकको सन्दर्भमा योगदानमा आधारित उपदानः कर्मचारीमा परेको प्रभाव र समाधानका उपायहरु' विषयक निबन्ध प्रतियोगितामा जानकी कुमारी न्यौपाने प्रथम, रमा पराजुली द्वितीय र राकेश



समारोहका बीच सम्पन्न कार्यक्रम अध्यक्षता संघका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेयले गर्नुभएको थियो। अध्यक्ष पाण्डेयले सम्झौता भएर पनि कार्यान्वयन हुन नसकेका कर्मचारीका मागहरुका विषयमा तत्काल सम्बोधन हुनुपर्ने बताउनु भयो।

पेशागत महासंघका अध्यक्ष पुण्यप्रसाद ढकालले वार्षिकोत्सव उद्घाटन गर्दै राज्य तथा रोजगारदाताले श्रमिकको रोजगारी र सेवा सुविधामा ध्यान पुऱ्याउन सके उत्पादकत्व बृद्धिमा सहयोग पुग्ने बताउनुभयो। कार्यक्रममा संघका पूर्व अध्यक्ष शिवकुमार अधिकारी, बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ नेपालको राष्ट्रिय समितिका अध्यक्ष धर्मराज मैनाली, बैंक सञ्चालक समितिका नवनियुक्त अध्यक्ष देवकुमार ढकाल, निमित्त प्रमुख कार्यकारी अधिकृत देवेशप्रसाद लोहनी, नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष रामहरी घिमिरे, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंकका अध्यक्ष ईश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंकका अध्यक्ष दिपेन्द्र कार्की लगायतले बोल्दै कार्यक्रम सफलताको शुभकामना दिनुभएको थियो।

वार्षिकोत्सवको अवसरमा कुमार राय तृतीय हुनुभएको थियो भने कुर्सीदौड प्रतियोगितामा प्रथम रेनुका न्यौपाने, द्वितीय एलिना गौतम र तृतीय कोपिला ढकाल हुनुभयो। कार्यक्रममा विजयी प्रतियोगीलाई पुरस्कार तथा प्रमाण पत्र प्रदान गरिएको थियो।

कार्यक्रममा पेसागत हकहित तथा संस्थाको सम्बर्द्धनका बिषयमा छलफल भएको थियो। कार्यक्रममा संघको कर्णाली प्रादेशिक समितिलाई कार्यसम्पादन मुल्याङ्कनमा उत्कृष्ट भएबापत रनिङ शिल्ड प्रदान गरियो। संघका महासचिव रविन्द्रप्रसाद चौलागाईको सञ्चालनमा भएको कार्यक्रममा बरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद तिमिल्सिनाले स्वागत मन्तव्य राख्नु भएको थियो। कार्यक्रममा संघका पूर्व अध्यक्षहरु, विभिन्न प्रतिष्ठानस्तरका ट्रेड युनियनका अध्यक्षहरु, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, उपप्रमुखहरु, शाखा प्रबन्धकहरु, संघका पदाधिकारीहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। यसअघि वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम, स्वास्थ्य शिविर, क्लोथ बैंक सहित सातवटै प्रदेशमा विभिन्न कार्यक्रमहरु आयोजना गरिएको थियो। ■

## FIEUN द्वारा शुभकामना आदानप्रदान तथा दर खाने कार्यक्रम सम्पन्न

**काठमाडौं, ३० साउन**

नेपाल वित्तीय संस्था कर्मचारी संघ (FIEUN/RBBL) केन्द्रिय महिला विभागद्वारा नेपाली महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा आयोजित प्रबन्धकहरु, संघका पदाधिकारीहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। उक्त अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनाल, नेपाल वित्तीय संस्था कर्मचारी संघ (FIEUN/RBBL) अध्यक्ष



शुभकामना आदानप्रदान तथा दर खाने कार्यक्रम साउन ३० गते शुक्रबार सम्पन्न भयो। विभागका संयोजक प्रतिमा केसीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता नेपाल महिला संघको अध्यक्ष उषा मिश्रले गर्नुभएको थियो। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, उपप्रमुखहरु, शाखा ईश्वर बहादुर सिंह, नेपाल महिला संघको अध्यक्ष उषा मिश्र लगायतले आफ्नो मन्तव्य राख्दै हरितालिका तीजको अवसरमा शुभकामना व्यक्त गर्नुभयो। सुजाता थापाले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा केन्द्रिय सदस्य सीता अर्यालले स्वागत मन्तव्य राख्नु भएको थियो भने उक्त औपचारिक कार्यक्रमको समापन विभागका संयोजक प्रतिमा केसीले गर्नुभएको थियो। ■

## "7% RBBL Debenture 2088" (RBBD2088) नेप्सेमा सूचीकृत



**काठमाडौं, १५ साउन**

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड बीच ७ वर्ष अवधि तथा ७ प्रतिशत ब्याजदर भएको अंकित तथा चुक्ता मूल्य रु.१,०००/- दरका कुल २५,००,००० कित्ता "7% RBBL Debenture 2088" (RBBD2088) ऋणपत्र सूचीकरण सम्झौता सम्पन्न भयो। सम्झौतामा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनाल र नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत चूडामणि चापागाईंले हस्ताक्षर गर्नुभयो। उक्त ऋणपत्रको दोस्रो बजारमा मिति २०८२ साउन १५ गतेबाट कारोवार शुरु भएको छ भने सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाडौंबाट भएको छ। ■

## सरकारी कारोबार र सीएसडीसम्बन्धी तालिम सम्पन्न


*सीएसडी तालिममा सहभागीहरू*

**काठमाडौँ, २२ श्रावण**

राष्ट्रिय वाणिज्य बैंकद्वारा सरकारी कारोबारसंग सम्बन्धित विभिन्न विषयहरुमा कर्मचारीहरुलाई तालिम प्रदान गरिएको छ। श्रावण २१ र २२ गते बैंकको सिकाई तथा विकास विभाग दरबारमार्गको हलमा सम्पन्न उक्त तालिममा लुक्ला र नाम्चे सहित बागमती प्रदेश अन्तर्गतका विभिन्न शाखा कार्यालयहरुमा कार्यरत ४३ जना कर्मचारीको सहभागिता रहेको थियो।

यसअघि श्रावण १३ र १४ गते बैंकद्वारा ग्राहक सेवा कक्ष (सीएसडी)सँग सम्बन्धित विभिन्न विषयहरुमा कर्मचारीहरुलाई तालिम प्रदान गरिएको थियो। बैंकको सिकाई तथा विकास विभाग दरबारमार्गको हलमा सम्पन्न उक्त तालिममा बागमती प्रदेश अन्तर्गतका विभिन्न शाखा कार्यालयहरुमा कार्यरत ४४ जना कर्मचारीको सहभागिता रहेको थियो। ■

## राष्ट्रिय वाणिज्य बैंक अरुणखोला शाखा स्थापना



**काठमाडौँ, २९ साउन**

राष्ट्रिय वाणिज्य बैंकको ३१० औँ शाखाको रुपमा शाखा कार्यालय अरुणखोला (३१८) स्थापना भई सञ्चालनमा आएको छ। नवलपरासी जिल्ला (बर्दघाट सुस्तापूर्व)को मध्यबिन्दु नगरपालिका वडा नम्बर १० अरुणखोलामा स्थापित शाखाको साउन २९ गते राष्ट्रिय वाणिज्य बैंक गण्डकी प्रादेशिक कार्यालयका प्रमुख पुष्पचन्द्र थापाले शुभारम्भ गर्नुभयो। ■

## एलसी सम्बन्धी व्यवहारिक तालिम सम्पन्न



**काठमाडौँ, ३० श्रावण**

राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्मचारीहरुलाई एलसी सम्बन्धी व्यवहारिक तालिम प्रदान गरिएको छ। श्रावण २९ र ३० गते बैंकको सिकाई तथा विकास विभाग दरबारमार्गको हलमा सम्पन्न उक्त तालिममा बागमती प्रदेश अन्तर्गतका विभिन्न शाखा कार्यालयहरुमा कार्यरत २५ जना कर्मचारीको सहभागिता रहेको थियो। ■

## वैदेशिक तालिममा प्रबन्धकहरू सहभागी

**काठमाडौँ, १४ साउन**

राष्ट्रिय वाणिज्य बैंकका प्रबन्धकहरु Leadership & Management Excellence : International Program for Banks and Public Enterprises विषयक अन्तर्राष्ट्रिय स्तरको तालिममा सहभागी हुनुभयो। गत जुलाई २२ देखि २५ तारिखमा थाइल्याण्डको राजधानी बैंककमा आयोजित उक्त कार्यक्रममा बैंकमा कार्यरत १६ जना प्रबन्धकहरुको सहभागिता रहेको थियो। सहभागी हुनुहुनेमा प्रबन्धकहरु निरोज कुमार श्रेष्ठ, गोपाल कुमार भारती, कृष्ण देव प्रसाद पाल, माधव खतिवडा, सुरेश सापकोटा, नारायण बहादुर बलायर, प्रजल पौडेल र मदनराज डोटेल हुनुहुन्थ्यो। त्यसै गरी अन्य सहभागीहरुमा अर्जुन पनेरु, दधिराम आचार्य, पेशल कुमार ढुंगाना, सविनराज अधिकारी, दिनेश कुमार राई, सुजित श्रेष्ठ, विनोद प्रसाद सापकोटा र अर्जुन ढुंगाना हुनुहुन्थ्यो। ■

## हार्दिक समवेदना

यस बैंकका सम्पत्ति व्यवस्थापन विभागमा कार्यरत वरिष्ठ प्रबन्धक बैदेही कुमार महासेठ (११०८७) की आमा राज कुमारी देवी, जोखिम व्यवस्थापन विभागमा कार्यरत उपप्रबन्धक रिना गुरुङ (१२०८९) का ससुरा श्याम बहादुर गुरुङ, शाखा कार्यालय भरतपुरमा कार्यरत सहायक प्रबन्धक यम कुमारी मल्ल (११८३३) की सासु इन्दु वल शाही, शाखा कार्यालय भैरहवामा कार्यरत वरिष्ठ सहायक तेजेन्द्र जि.सी. (१२६५९) की आमा विष्णु जि.सी., शाखा कार्यालय भरतपुरमा कार्यरत सहायक हिरा कुमारी बस्नेत (१३७३५) का ससुरा राम बहादुर साउद, शाखा कार्यालय बेंसीशहरमा कार्यरत सहायक ध्रुव राज सुवेदी (१३७६९) की हजुरआमा खाम माया सुवेदी, शाखा कार्यालय सानोठिमीमा कार्यरत सहायक मञ्जु घिमिरे (१२०२४) की सासु देवधरा खतिवडा, शाखा कार्यालय वामीटक्सारमा कार्यरत सहायक समित थापा (१४२५३) का पिता शेरबहादुर सोमैमगर, प्रमुख कार्यकारी अधिकृतको कार्यालयमा कार्यरत कार्यालय सहयोगी रविन्द्र श्रेष्ठ (१०७४६) का पिता बद्री नारायण श्रेष्ठ र सामान्य सेवा विभागमा कार्यरत सवारी चालक राम एकवाल चौधरी (१२२१४) का पिता किसुन चौधरीको केहि पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

*प्रकाशक*
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौँ, फो नः ०१-५७२१२२०, Ext. २४२३
ई-मेल : rbbnl@rbb.com.np
वेबे साइटः www.rbb.com.np

*प्रमुख सल्लाहकार*
**देवेन्द्र रमण खनाल**
*प्रमुख कार्यकारी अधिकृत*

*सल्लाहकार*
**पवन रेग्मी**
*उप-कार्यकारी अधिकृत तथा सूचना अधिकारी*

*तयार पार्ने*
**रुद्रप्रसाद अधिकारी**
*सहायक प्रबन्धक*

*डिजाइन*
**यदु उपाध्याय**